मिति २०७९/१०/२९ गतेको गाउँ कार्यपालिकाको आठौं बैठकबाट भएका निर्णयहरु:

१. शोक प्रस्ताव पारित गर्ने:

क. यस भगवतीमाई गाउँपालिका वडा नं. ०५ स्थायी घर भई यस कार्यालय अन्तर्गत स्वास्थ्य शाखामा जनस्वास्थ्य निरीक्षक (अधिकृतस्तर छैठौं) पदमा कार्यरत ३१ वर्षीय नविन शाही स्वास्थ्य सम्बन्धी चौमासिक प्रगति समिक्षा गोष्ठीको सिलसिलामा सुर्खेत जानु भएकोमा मिति २०७९/१०/०८ गते राति करिब २:३० बजे तिर छिन्चु देखि सुर्खेत आउँदै गर्दा वीरेन्द्रनगर नगरपालिका वडा नं. ११ स्थित रत्न राजमार्गको भेरी पुल नजिक झुपा खोलामा जीप दुर्घटना परि भएको असामयिक निधनले हामीलाई अत्यन्त मर्माहत र स्तब्ध बनाएको छ ।उहाँको निधनले भगवतीमाई गाउँपालिकालाई अपुरणीय क्षति भएको छ. गाउँपालिकाले स्वास्थ्य क्षेत्रको एउटा नक्षत्र गुमाएको छ । अत्यन्त दु:खको यस घडीमा उहाँप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनहरुमा गहिरो समवेदना व्यक्त गर्ने।

ख. दैलेख जिल्ला महावु गाउँपालिकाका अध्यक्ष लक्षुमन गुरुङ्गको मिति २०७९/१०/२७ गते जिल्ला अस्पताल दैलेखमा उपचारको क्रममा ७९ वर्षको उमेरमा भएको दु:खद निधनले हाम्रो भगवतीमाई गाउँपालिका परिवार निकै मर्माहत र स्तब्ध भएको छ, जेष्ठ तथा परिपक्व जनप्रतिनिधिको देहवसानले दैलेख जिल्ला र समग्र राजनीतिक क्षेत्रले अपुरणीय क्षति व्यहोरेको छ। दैलेख जिल्लाको राजनीतिक एंव समाज सेवाको क्षेत्रमा उहाँले पुर्याउनु भएको योगदानको भगवतीमाई गाउँपालिका उच्च कदर गर्दै उहाँलाई सधैं स्मरण गरिरहनेछ, साथै यस दु:खद घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना सहित मृतक प्रति भावपुर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस भनि कामना समवेदना व्यक्त गर्ने ।

२. यस गाउँ कार्यपालिकाका अघिल्ला बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको प्रगति समिक्षा गरियो ।

३. यस गाउँपालिका अन्तर्गत चालु आ.व. २०७९/०८० को माघ मसान्त सम्म सञ्चालित आयोजना तथा कार्यक्रमको प्रगति र सेवा प्रवाहको स्थिति समिक्षा गरियो । साथै यस गाउँपालिका अन्तर्गत रहेका यान्त्रिक उपकरण र सवारी साधनहरुको सञ्चालन अवस्था तथा विवरण तयार गरी अर्को बैंठककमा पेश गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

४. भगवतीमाई गाउँपालिका गाउँसभाको १२ औं अधिवेशन (हिउँदे बैठक) मिति २०७९/११/१७ गते आह्वान गर्ने ।

५. यस गाउँपालिका अन्तर्गतका यातायात सञ्चालन भएका सडकहरु वर्षा कारण बिग्रे भत्केकोले दशै तथा तिहारको समयमा तत्काल मर्मत सुधार गरी यातायात सुचारु गर्नुपर्ने भएको र यस गाउँपालिकाको ब्याकहोलोडरले मात्र सबै सडकहरु सफा गर्न सम्भव नभएकोले बाह्य मेशिनद्धारा सडक सफा गर्दा भएको मर्मत सुधार खर्च रकमको भुक्तानी मर्मत सम्भार कोषबाट गर्ने र मर्मत सम्भार कोषमा रकम अपुग रहेको हुँदा निम्न कार्यक्रमको रकम आगामी गाउँसभाबाट अनुमोदन हुने गरी मर्मत सम्भार कोषमा जम्मा गर्ने ।

तपसिलः

रकम रु. हजारमा

| क्र. सं. | आयोजना/कार्यक्रमको नाम | श्रोत | विनियोजित रकम | घटाउने रकम | बाँकी रकम | मर्मत सम्भार कोष जम्मा |
|---|---|---|---|---|---|---|
| १. | भैरवथान प्रतिक्षालय निर्माण | नेपाल सरकार वित्तीय समानीकरण अनुदान | ३७५ | ३७५ | ० | ३७५ |
| २. | भूमीविहिन दलित सुकुम्वासी र अवस्थित बसोबास व्यवस्थापन कार्यक्रम | नेपाल सरकार वित्तीय समानीकरण अनुदान | ५०० | ३०० | २०० | ६७५ |
| ३. | वित्तीय कोष साझेदारी कार्यक्रम | आन्तरिक श्रोत | २५३२ | ५०० | २०३२ | ११७५ |
| ४. | एकीकृत घुम्ती शिविर सञ्चालन | आन्तरिक श्रोत | ६०० | २०० | ४०० | १३७५ |

६. कृषि विकास कार्यालय दैलेखबाट यस गाउँपालिका अन्तर्गत चालु आ.व. २०७९/०८० मा सञ्चालन हुने एक पालिका एक उत्पादन कार्यक्रम वडा नं. १ स्थित वेस्तडामा कार्यान्वियन गर्ने र उक्त कार्यक्रममा साझेदारी गर्नुपर्ने साझेदारी रकम मध्ये रु. ६ लाख सम्वन्धित कृषक समूह गर्ने र रु. ४ लाख गाउँपालिकाले आन्तरिक श्रोत अन्तर्गत कृषि तथा पशुसेवा कार्यक्रममा साझेदारी कार्यक्रमवाट व्यहोर्ने ।

७. चालु आ.व. २०७९/०८० मा सडक बोर्ड नेपाल र यस गाउँपालिकाको लागत सहभागितामा सञ्चालन हुने सडक मर्मत सुधार कार्यक्रमको लागि नाउलीकान्ला-ढकार-बाँसे सडक छनोट गर्ने र यस गाउँपालिकाबाट व्होरिने लागत सहभागिता सम्वन्धित वडामा विनियोजित रकमबाट गर्ने ।

८. यस गाउँपालिका अन्तर्गत गाउँपालिकाको पुर्ण स्वामित्व रहेको सहकारी सञ्चालन गर्न आवश्यक प्रक्रिया सुरु गर्ने ।

९. यस गाउँपालिकाको स्वास्थ्य संकट एंवम् विपद् पूर्व तयारी तथा प्रति कार्ययोजना, २०७९ स्वीकृत गर्ने ।

१०. नेपाल भारत मैत्री अस्पतालको समन्वय भरतपुर क्यान्सर अस्पताल र नेपालगञ्ज मेडिकल कलेजको प्राविधिक सहयोग तथा यस गाउँपालिकाको सहजीकरणकमा स्वास्थ्य शिविर मिति २०७९/११/२० र २१ गते सञ्चालन गर्ने र सो लागि गाउँपालिकाले गर्नुपर्ने खर्च यस गाउँपालिकाको लागि चालु आ.व. २०७९/०८० को लागि स्वीकृत ब.उ.शि.नं. ८०६६७५०५१०७ आन्तरिक श्रोत एकीकृत घुम्ती शिविर सञ्चालन कार्यक्रम रु. ६००००० मध्येबाट गर्ने ।

११. यस गाउँपालिकाको सडक यातायात गुरुयोजना अद्यावधिक गर्न आवश्यक भएकोले गुरुयोजना अद्यावधिक गर्ने र सडकको नामाकरण गर्नको लागि देहाय बमोजिमको समिति गठन गर्ने:



CamScanner

तपसिलः

| क्र.सं. | नामथर | पद | | |
|---|---|---|---|---|
| १. | श्री कृष्णबहादुर शाही | पूर्वाधार विकास समिति संयोजक | वडा अध्यक्ष वडा नं. ५ | -संयोजक |
| २. | श्री सबै वडा अध्यक्ष | भगवतीमाई गाउँपालिका | ६ जना | -सदस्य |
| ३. | श्री पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | भगवतीमाई गाउँपालिका | १ जना | -सदस्य |
| ४. | श्री योजना इकाई प्रमुख | भगवतीमाई गाउँपालका | १ जना | -सदस्य सचिव |
| | जम्मा | | ९ सदस्यीय | |

आवश्यकता अनुसार बैठकमा सम्बन्धित विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

१२. यस गाउँपालिका अन्तर्गत गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, आधारभूत अस्पताल र स्वास्थ्य संस्थामा रिक्त कर्मचारी र नगर प्रहरी पदपूर्ति सम्बन्धमा देहाय बमोजिम गर्नेः

क. हाल गाउँपालिकामा वजेट अभावका कारण नगर प्रहरी तत्काल करारमा पदपूर्ति गर्न नसकिने भएको हुँदा कार्यालय सुरक्षाको लागि २ जना सुरक्षा गार्डको व्यवस्था गर्ने ।

ख. गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, आधारभूत अस्पताल र स्वास्थ्य संस्थामा करार कर्मचारी पदपूर्ति सम्वन्धमा अर्को बैठकमा छलफल तथा निर्णय गर्ने ।

ग. गाउँ कार्यपालिका अध्यक्ष ज्यूको सचिवालयमा १ जना कम्प्युटर अपरेटर र गाउँ कार्यपालिका उपाध्यक्ष ज्यूको सचिवालयमा १ जना सहायक कम्प्युटर अपरेटर करार सेवामा लिने ।

१३. यस गाउँपालिका अन्तर्गत गाउ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, आधारभूत अस्पताल र स्वास्थ्य संस्थामा करार सेवामा कार्यरत कर्मचारीहरुको करार म्याद २०७९ माघ १ गते देखि निरन्तरता हुने गरी २०८० असाढ मसान्त सम्म थप गर्ने ।

१४. चालु आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार युवा तथा खेलकूद कार्यक्रमको वार्षिक कार्य योजना स्वीकृत गर्ने ।

१५. यस गाउँपालिका क्षेत्रभित्र क्याम्पस स्थापनाको लागि सम्भाव्यता अध्ययन गरी प्रतिवेदन पेश गर्नको लागि देहाय बमोजिमको समिति गठन गरियो ।

| क्र.सं. | नामथर | ठेगाना | | कैफियत |
|---|---|---|---|---|
| १. | मिनाकुमारी खड्का | भगवतीमाई-१ | उपाध्यक्ष- भगवतीमाई गाउँपालिका | -संयोजक |
| २. | प्रमुख वा प्रतिनिधि | भगवतीमाई गा.पा. | नेपाली कांग्रेस | -सदस्य |
| ३. | प्रमुख वा प्रतिनिधि | भगवतीमाई गा.पा. | नेकपा (एमाले) | -सदस्य |
| ४. | प्रमुख वा प्रतिनिधि | भगवतीमाई गा.पा. | नेकपा (माओवादी केन्द्र) | -सदस्य |
| ५. | प्रमुख वा प्रतिनिधि | भगवतीमाई गा.पा. | राष्ट्रिय प्रजातन्त्र पार्टी | -सदस्य |
| ६. | प्रमुख वा प्रतिनिधि | भगवतीमाई गा.पा. | नेकपा (एकीकृत समाजवादी) | -सदस्य |



CamScanner

निर्णय प्रमाणित

| क्र.सं. | नामथर | ठेगाना | | कैफियत |
|---|---|---|---|---|
| १. | मिनाकुमारी खड्का | भगवतीमाई-१ | उपाध्यक्ष- भगवतीमाई गाउँपालिका | -संयोजक |
| ७. | श्री देवलोक अधिकारी | भगवतीमाई-४ | सामाजिक विकास समिति, संयोजक | -सदस्य |
| ८. | श्री निर्मल थापा | भगवतीमाई-१ | उप-प्रध्यापक, मध्यपश्चिम विश्व विद्यालय | -सदस्य |
| ९. | श्री तेजबहादुर खड्का | भगवतीमाई-६ | वि.व्य.स. अध्यक्ष श्री ज्वाला माध्यमिक विद्यालय वेस्तडा | -सदस्य |
| १०. | श्री देवेन्द्रराज अधिकारी | भगवतीमाई-१ | प्रधानाध्यापक श्री ज्वाला मा.वि. वेस्तडा | -सदस्य |
| ११. | श्री नगेन्द्रबहादुर थापा | भगवतीमाई-१ | अध्यक्ष शिक्षक महासंघ नेपाल | -सदस्य |
| १२. | श्री मानवहादुर विश्वकर्मा | भगवतीमाई-१ | शिक्षा, यूवा तथा खेलकूद शाखा प्रमुख | -सदस्य सचिव |

१६. यस गाउँपालिका अन्तर्गत देहायका आयोजना सञ्चालन गर्न अत्यावश्यक रहेको र गाउँपालिकामा वजेट अभावले गर्दा आयोजना सञ्चालन गर्न नसकिने देखिएकोले कर्णाली प्रदेश सरकार तथा नेपाल सरकारसँग वजेट मागको लागि आवश्यक पहल गर्ने ।

तपसिलः

| क्र.सं. | आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १. | त्रिपानी सिन्दुरपाखा खानेपानी योजना | वडा नं. १ र २ | |
| २. | वडा कार्यालय र स्वास्थ्य संस्थामा सडक वत्ती जडान | गा.पा. स्तर | |
| ३. | श्री भगवती मा.वि. थुवाँ भवन निर्माण | वडा नं. ५ | |
| ४. | श्री ज्वाला मा.वि. वेस्तडा भवन निर्माण | वडा नं. १ | |
| ५. | श्री जनता आ.वि. भवन निर्माण | वडा नं. ७ | |



CamScanner